# आत्मकथामा अभिलेखीकरणका प्रवृत्तिहरू

**किशोर दहाल**

आत्मकथा मूलतः व्यक्तिका अनुभवहरूको दस्तावेजीकरण हो । यसले मुख्य रूपमा “प्रभावशाली” व्यक्तिहरूले भोगेको सिंगो कालखण्डलाई केन्द्रमा राखेर ऊ वरपरका राजनीतिक, सामाजिक, धार्मिक, सांस्कृतिक लगायत विविध पक्षलाई बुझ्न सघाउँछ । साथै, लेखकीय दृष्टि-चेतको प्रवाह गर्न पनि भूमिका खेल्छ । जसले गर्दा आम पाठकले आवश्यकता अनुसार आत्मकथामा समेटिएका समय रेखालाई सहजै बुझ्न र धारणा बनाउन सक्छन् । ज्ञान, सीप, चेतना, घटना लगायतका जीवनका अवयवलाई पछिल्लो पुस्ता सामु विस्तारित गर्न आत्मकथा वा संस्मरणले भूमिका खेल्ने अपेक्षा गर्न सकिन्छ ।

नेपाल लामो समय राजनीतिक संक्रमणबाट गुज्रियो । राणा शासनको अन्त्यपछि लगभग पूरै समय विभिन्न स्वरूपका अस्थिरता र संक्रमण नेपालको नियति जस्तै भयो । प्रजातन्त्रको प्राप्तिदेखि संघीयतालाई संस्थागत गर्ने प्रक्रियासम्म नेपालले अनुभव गरेको राजनीतिक घटनाक्रम विश्वकै राजनीतिक इतिहासमा अद्वितीय छ । छोटो-छोटो समयमा हासिल भइरहेको व्यापक अनुभवमा धेरै पात्रहरू जोडिएका छन् । धेरैले नजिकबाट नियालेका छन् । तीमध्ये केहीले आफ्नो अनुभवको दस्तावेजीकरण गरेका छन्, आत्मकथा र संस्मरण मार्फत । सामान्यतया, चर्चामा आएका व्यक्तिहरूले आत्मकथा लेख्ने भएकोले त्यस्ता पुस्तकको पठन, सन्दर्भ सामग्रीका रूपमा प्रयोग, र समालोचन लगायतका दृष्टिबाट पनि लामो समयसम्म प्रयोगमा रहन्छन् ।

यो लेखमा पछिल्ला केही वर्षमा प्रकाशित केही आत्मकथा र संस्मरणलाई नमुनाका रूपमा लिएर आत्मकथा लेखनको प्रवृत्तिलाई आलोचनात्मक रूपले केलाइएको छ । विशेष गरी, लेखकले भोगेको समयलाई उनीहरूले आफ्नो पुस्तक मार्फत कसरी अभिलेखीकरण गर्न खोजेका छन्, त्यसलाई केन्द्रमा राखिएको छ । त्यसका लागि फरक-फरक प्रकाशक रहेका चार आत्मकथा—कूटनीतिज्ञ रमेशनाथ पाण्डेको *कूटनीति र राजनीति* (पाण्डे २०७२), पूर्व प्रधान सेनापति रुकमाङ्गद कटवालको *आत्मकथा* (कटवाल सन् २०१४), वाम राजनीतिज्ञ राधाकृष्ण मैनालीको *नलेखिएको इतिहास* (मैनाली २०७३), र पत्रकार विजय कुमारको *खुसी* (विजय कुमार २०७१क)—को चर्चा गरिने छ । लेखकहरू फरक-फरक पद सम्हालेका र छवि बोकेका व्यक्ति भएकाले यहाँ चर्चा गर्ने कुनै-कुनै विषय सबैमा लागू हुन्छन् भने कुनै-कुनै विषय केही आत्मकथाका लागि मात्र सान्दर्भिक हुन्छन् ।

*समाज अध्ययन* १३ : १८१–१९९, २०७५

राजनीतिक व्यवस्था परिवर्तन भइरहेका कारण राजनीतिक पात्रहरू पछिल्लो व्यवस्थामा असान्दर्भिक देखिने क्रम पनि बढ्दो छ । कतिपय पात्र नयाँ व्यवस्थामा “भिलेन” का रूपमा पनि चित्रण हुने गरेका छन् । आत्मकथा लेख्दा व्यक्तिले बदलिँदो राजनीतिक व्यवस्थामा पनि आफ्नो सान्दर्भिकता पुष्टि गर्न गरेको शाब्दिक प्रयत्न अनौठो होइन । विगतमा धेरथोर चर्चामा रहेका कारण विभिन्न घटनाक्रममा उनीहरूका अभिव्यक्ति, निर्णय, र कार्य शैली सार्वजनिक छन् र विभिन्न अभिलेखमा संकलित हुन्छन् । यसैका आधारमा जनताका बीचमा उनीहरूको निश्चित छवि पनि रहेको छ । तर, त्यति हुँदा हुँदै पनि लेखकले आफ्नो विगतको सार्वजनिक छविलाई नै बदलिँदो घटनाक्रम सापेक्ष बनाउने प्रयत्न गरेको र इतिहासमा आफ्नो नायकत्वको अभिलेखीकरण होस् भन्ने चाहनाका साथ लेखिरहेका छन् भन्ने उनीहरूका पुस्तकका कैयौँ प्रसंगका आधारमा दाबी गर्न सकिन्छ ।

## नायक बन्ने रहर

पुष्पकमल दाहाल “प्रचण्ड” नेतृत्वको पहिलो सरकार (साउन ३१, २०६५ देखि वैशाख २१, २०६६ सम्म) ले तत्कालीन प्रधान सेनापति रुकमाङ्गद कटवाललाई स्पष्टीकरण सोध्यो । त्यसपछि, कटवाल निकै चर्चामा आए । उनी आम मान्छेका लागि थप चासोका पात्र बन्न पुगे । सम्भवतः यही चर्चा र चासोका कारण उनले आत्मकथा लेख्ने अठोट गरे । तर आत्मकथामा उनले लेखेका धेरै प्रसंगले उनको फरक परिचय स्थापित गरिदियो । मूलतः नायक बन्ने चाहनाले लेखिएकाले हुन सक्छ, उनको आत्मकथाका केही प्रसंगमाथि प्रश्नहरू समेत उठे ।

आत्मकथामा कटवालले २०६२–२०६३ को जनआन्दोलनको समयलाई स्थान दिएका छन् । त्यो जनआन्दोलन सेनाको सहयोगमा राजाले चलाइरहेको गैरदलीय शासन प्रणालीको विरुद्धमा थियो । कटवालले तुलनात्मक रूपमा कम मात्रै स्थान दिएको भए पनि उनी आत्मकथामा दलहरूको संघर्ष र जनआन्दोलनको सहयोगी झैँ प्रतीत हुन्छन् ।

> जनआन्दोलनसँगै केन्द्रीय सुरक्षा समन्वय समितिको बैठक बाक्लिन थाल्यो । तर बैठक नाम मात्रको थियो । सुरक्षा समितिको बैठकमा हामी कर्फ्युको विरोध गर्थ्यौं । ... जनआन्दोलनकै बीच एक दिन एमाले महासचिव माधव नेपालजीको घरमा छापा मारिएछ । टिभी, कम्प्युटर, मोबाइल निकालेर लगियो भन्ने सुनियो । टेलिफोन समेत काटिएछ । ... उहाँलाई एकछिनमा ककनी सशस्त्र क्याम्प, एकैछिनमा बालाजु सशस्त्र क्याम्प ओहोरदोहोर गराइयो भन्ने थाहा पाएँ । उपप्रधानमन्त्री भइसकेको मान्छेलाई यस्तो दूर्व्यवहार गर्नु कुनै पनि दृष्टिले सुहाउँदो थिएन । (कटवाल सन् २०१४ : ३४२–३४३)

कटवालको सक्रियता जनआन्दोलनको वरिपरिका खास घटनाक्रममा मात्रै होइन, तत्कालीन राजा ज्ञानेन्द्रको माघ १९, २०६१ को कदमपछि पनि भएको सार्वजनिक रूपमा पढ्न पाइन्छ । उनले सो कदम पछिका केही दिन खुलेर सो कदमको समर्थन गरेको तर राजाको नेतृत्वमा मन्त्रिपरिषद् गठन शुरू भएसँगै असन्तुष्ट हुन थालेको पुस्तकमा उल्लेख गरेका विभिन्न सन्दर्भबाट निष्कर्ष निकाल्न सकिन्छ । उनले आफ्ना विभिन्न गतिविधिको प्रस्ट समय त उल्लेख गरेका छैनन्, तर माघ १९ पछिका कदममा प्रायः असन्तुष्टि जनाएका छन् । पुस्तक पढ्दा उनी निकै प्रजातान्त्रिक प्रतीत हुन्छन् । उनी दललाई सत्ता हस्तान्तरण गराउन निकै सक्रिय भएको केही प्रसंग पुस्तकमा छन् । उदाहरणका लागि, कटवालले राजालाई बिन्ती चढाइदिन भन्दै तत्कालीन सैनिक सचिव गजेन्द्र लिम्बूलाई अनुरोध गरेका थिए, "राजनीतिक दलहरूलाई सत्ता हस्तान्तरण गर्न बित्यो । राजसंस्था नै धरापमा पर्छ" (कटवाल सन् २०१४ : ३२८) । यो अनुरोध उनले चारै सुरक्षा प्रमुख समक्ष पनि राखेको उल्लेख गरेका छन् । राजनीतिक दललाई सत्ता फर्काउनका लागि भनेर उनमा देखिएको छटपटी रोचक छ । कतिसम्म भने एउटा पार्टीमा उनले स्वयं राजा ज्ञानेन्द्रलाई एक्लै "बार" मा देख्छन् र आफ्नो उकुसमुकुस खुलाउँछन्, "दलहरूलाई टाढा राखेर राजतन्त्रको भलो छैन सरकार । सरकारको उद्देश्य के हो ?" (कटवाल सन् २०१४ : ३३१) ।

तर कटवालले पुस्तकमा दाबी गरे जस्तै उनी दलीय व्यवस्थाका पक्षमा मरिहत्ते गर्ने व्यक्ति नै थिए त ? उनको पदीय गतिविधिलाई नजिकबाट नियालेका लेखक कनकमणि दीक्षितले उनी सेनापति बन्नुअघि लेखेका थिए, "रुक्माङ्गद कटवाल नेपाल सेनाको 'चिफ साब' बन्नु एउटा क्रुर विडम्बनाको विषय हुन पुगेको छ । किनकि कटवाल जर्साब आफ्नो व्यावसायिक सैनिक नियम र मर्यादाभन्दा अगाडि सरेर ज्ञानेन्द्र राजाको निरंकुश कदमको स्वागत गर्दै बोल्ने र लेख्ने व्यक्ति हुन्" (दीक्षित २०६३) । त्यसै गरी, कटवालको पुस्तक सार्वजनिक भएपछि पुन: दीक्षितले "अजय पी नाथ" को नाममा कटवालले सेनाको वरिष्ठ जर्नेल भएर अंग्रेजी दैनिकमा प्रत्यक्ष शासनको पक्षमा लेख्ने गर्थे भन्ने बताएका छन् । साथै, पुस्तक प्रकाशन पश्चात् कटवालले एक अन्तर्वार्तामा १०–१२ ओटा अन्य छद्मनाम पनि प्रयोग गर्दै "विचार निर्माण" गर्न खोजेको स्वीकारेका छन् । सो अन्तर्वार्ताकफ एक अंश हेरौँ :

मिश्र : तपाईं सेनाको नम्बर दुई हुँदाखेर तपाईंले छद्मनाममा धेरै लेखहरू लेखेर ...
कटवाल : जरुर लेखेँ मैले ।
मिश्र : माघ १९ को कदमको बचाउ गर्नुभयो ...
कटवाल : होइन, मैले किताबमै भनेको छु नि प्रस्टसँग । मैले सपोर्ट गरेकै हो ।
मिश्र : तपाईंले राजतन्त्र राख्न भित्रभित्रै खुबै लबी गर्नुभयो ।
कटवाल : त्यो किताबमै प्रस्ट छ । ... तर त्यो सबै आर्टिकल सबै मैले कलेक्सन गरेर राखेको छ । एक दुई ओटा छुटेको भए मात्रै, नभए अंग्रेजी र नेपालीका सबै आर्टिकल

> छन् । मेरा १२-१३ ओटा छद्म नामहरू थिए होलान् । विदेशमा लेखिएका धेरैलाई यहाँ थाहा पनि छैन । यो कुरा सम्बन्धित मान्छेलाई बाहेक अरूलाई थाहा पनि थिएन । कनकजीले अन्तिममा एउटा नाम चाहिँ कहाँबाट पत्ता लगाउनुभयो र बाहिर आयो । त्यसमा मेरो मुख्य जोड भनेको नेपाल जस्तो देशमा राजतन्त्र र प्रजातन्त्र सँगसँगै जानुपर्छ ।[1]

पुस्तकमा भने उनी बीबीसीमा प्रस्तुत भए जस्तो इमानदार देखिँदैनन् । उनले पुस्तकमा लेखेका केही प्रसंगले उनलाई दलीय पद्धतिको हिमायती रहेको देखाउँछ । तर पुस्तकमा उनले यति महत्त्वपूर्ण प्रसंगलाई स्थान दिएनन्, जसले उनलाई दलीय सत्ताभन्दा राजाको नेतृत्वको गैरदलीय सत्ताको पक्ष पोषकका रूपमा बढी चिनाउने थियो । उनको नायकत्वमाथि प्रश्न उठ्ने थियो । बरु, कटवालले आफूले चाहे जस्तो अभिलेखीकरण होस् भन्ने मनसाय राखे र फरक छवि देखिने प्रसंग उल्लेख गरेनन् । जस्तै, कटवालले प्रचण्ड सरकारको राजीनामापछि आफ्नो पदावधि बढाउन गरेको चलखेल । कटवालले लेख्न नचाहेको यो सन्दर्भलाई उनी पछिका सेनापति छत्र मान सिंह गुरुङले उल्लेख गरेका छन् । गुरुङले आफ्नो साथीलाई प्रयोग गरेर कटवालको मनसाय बुझ्छन् र लेख्छन् : "मैले कटवालको आशय बुझिहालेँ । पदावधि बढाउन उहाँले राष्ट्रपति डा. रामवरण यादवलाई व्यापक जोड गर्नुभएछ । ... प्रधानमन्त्री माधवकुमार नेपाललाई पनि यस विषयमा व्यापक दबाब दिनुभएको तर नमानेको जानकारी मैले पाएँ" (गुरुङ २०७२ : १४४) । आफ्नो पुस्तकमा सरकार सँगको असमझदारीमा पटक-पटक संविधान र सैनिक ऐनको हवाला दिएका कटवालप्रति गुरुङले व्यंग्य गरेका छन् : "जुन ऐनको आधारमा आफू प्रधान सेनापति भइयो, त्यही ऐन लत्त्याएर सधैँ प्रधान सेनापति भइराख्न चाहने कटवालको चाला देख्दा को नहाँस्ला ? वा, प्रधान सेनापति भइसकेको व्यक्तिलाई सैनिक ऐन, २०६३ बारे केही थाहा थिएन ?" (गुरुङ २०७२ : १४५–१४६) ।

कटवालले आत्मकथामा भने संविधान, कानून र प्रजातन्त्रप्रति प्रशस्त रूपमा "मोह" देखाएका छन् । अनेक अप्रमाणित तथ्यको सहारा लिएर त्यसप्रति कटिबद्ध देखिन खोजेका छन् । सरकारले बर्खास्तीको पत्र दिएको दिनको वर्णन गर्दा कटवालले आफ्नो अडानको महत्त्व स्थापित गर्ने उद्देश्यले लेखेका छन्, "यसले नै प्रजातन्त्रको भविष्य निर्धारण गर्नेमा म विश्वस्त थिएँ" (कटवाल सन् २०१४ : ३६) । त्यति मात्र होइन, तत्कालीन सरकारले कानूनतः प्रधान सेनापतिलाई सोधेको स्पष्टीकरणलाई उनले अमुक पार्टीको सेना सिध्याउने चालबाजीको रूपमा स्थापित गराउने प्रयास गरेका छन् । उनले भनेका छन्, "म माओवादी सँगको अन्तिम भिडन्त सामु उभिएको थिएँ" (कटवाल सन् २०१४ : ८) । त्यति बेला उनले

[1] बीबीसी नेपाली सेवाबाट साउन २८, २०७१ मा प्रसारित *नेपाल सन्दर्भ* कार्यक्रममा रविन्द्र मिश्रले रुकमाङ्गद कटवालसँग लिनुभएको अन्तर्वार्ताको एक अंश ।

परिवर्तनबाट स्थापित राष्ट्रपति जस्तो संस्थालाई धम्कीको भाषा बोलेर आफ्नो उद्देश्यमा सफल भएका छन् । उनले राष्ट्रपतिको सल्लाहकारलाई भनेका छन्, "म आफ्नो तर्फबाट कुनै अप्रिय कार्य नहोस् भन्ने चाहन्छु" (कटवाल सन् २०१४ : ३७) ।

रमेशनाथ पाण्डे अर्का यस्तै उदाहरण हुन् । राजा महेन्द्रको पालादेखि ज्ञानेन्द्रको पालासम्म निरन्तर दरबार निकट रहेका पाण्डेले पनि आफ्नो आत्मकथा *कूटनीति र राजनीति*मा आफूलाई प्रजातन्त्रप्रति प्रतिबद्ध देखाउन निकै प्रयत्न गरेका छन् ।

नायक देखिनका लागि पाण्डेले केही शाब्दिक चाल चलेका छन् । जस्तै, दरबारमा बोलाइएपछि असार ३१, २०२० मा उनले राजा महेन्द्रलाई भेट्छन् । पाण्डेका अनुसार महेन्द्रसँग उनको केही क्षण पुस्तकबारे, केही क्षण देशको परिस्थिति र अन्तर्राष्ट्रिय सन्दर्भबारे कुराकानी हुन्छ । अनि जोडिन आइपुग्छन्, तत्कालीन समयमा बन्दी बनाइएका बीपी कोइराला । पाण्डे महेन्द्रलाई भन्छन्, "इतिहासले दोहोऱ्याइ तेहऱ्याइ हामीलाई सिकाएको पाठ हो—घरझगडा नमिलाई देश बलियो हुन सक्तैन" (पाण्डे २०७२ : ३६) । त्यसपछि महेन्द्रले त्यो "घरझगडा" मिलाउने जिम्मा उनै पाण्डेलाई दिन्छन् । भन्छन्, "ठीक छ, यो जिम्मा तिमी नै लिऊ । बीपीलाई भेट" (पाण्डे २०७२ : ३६) । यी दुवैबीच पुनः भेट हुन्छ । तर, यस बीचमा उनले बीपीलाई चिठी लेखेर भेट्ने कुराको जानकारी गराउँछन् । राजा सँगको दोस्रो भेटमा भने पाण्डेले महेन्द्रसँग दुई ओटा सर्त राख्छन् । उनले लेखेका छन्, "मैले राजा समक्ष दुइटा कुरा राखेँ—पहिलो, बीपीलाई भेटेपछि तुरुन्तै राजालाई भेट्न पाउनुपर्ने र दोस्रो, मैले वातावरण बनाएपछि राजा र बीपीबीच प्रत्यक्ष भेटवार्ता हुनुपर्ने" (पाण्डे २०७२ : ३९) ।

पाण्डेसँग राजा महेन्द्रले बीपी सँगको असझदारी टुंग्याउन भूमिका खेल्न अनुरोध गरेको यो प्रसंगबाट बुझिन्छ । उनले भूमिका केही न केही खेलेका कुरा बीपीको पुस्तक *जेल जर्नल* पढ्दा पनि थाहा हुन्छ । तर बीपीले लेखेका र पाण्डेले लेखेका कुरामा शब्दमा सानो तर नायकत्व स्थापित गर्ने कुरामा ठूलो भूमिका खेल्ने एउटा विरोधाभासी प्रसंग छ । आत्मकथाले पञ्चायती शासन चलाइरहेका राजाले उनलाई दरबारमा बोलाएर बीपीसँग कुरा गर्न र समझदारीको वातावरण बनाउन आग्रह गरेको निष्कर्ष दिन्छ । पाण्डेले लेखेको कुरामा विश्वास गर्ने हो भने उनी शक्तिशाली दरबारको विश्वासमा त्यति बेलाको संकट समाधान गर्ने प्रभावशाली व्यक्ति प्रतीत हुन्छन्, जति बेला उनी २० वर्षका मात्र थिए । साथै, किताब पढ्दा पाण्डेमा जन निर्वाचित प्रधानमन्त्रीलाई अपदस्थ गरी आफै शासनका लागि अघि सरेका महेन्द्रमा पञ्चायती बाटो प्रतिको अविश्वास वा दिग्दारीको संकेत पनि पाइन्छ ।

पाण्डेले भनेको कुरामा बीपीको पुस्तक *जेल जर्नल*ले भने शंका उब्जाउँछ । साउन ११, २०२० का डायरीमा बीपीले लेखेका छन्, "बेलुका ७ बजेतिर रमेश हठात् मसँग भेट्न आए । उनले १ गते राजासँग भेटेको रहेछ र त्यसै बखतमा मसँग भेट्न पाऊँ भनी भनेको रहेछ । रमेश मेरो र राजाको बीच सम्झौता हुनुपर्छ र सम्भव छ भन्ने विश्वास राखेर

राजालाई भेटेका रहेछन्" (कोइराला २०६३[२०५४] : ११६) । बीपीले भनेका कुरा सत्य हुन् भने पाण्डेलाई राजाले अनुरोध गरेका नभई राजासँग उनले अनुरोध गरेको बुझिन्छ । राजाले पाण्डेको क्षमताको पहिचान गरेर दरबारमा बोलाएको नभई दरबारमा भएको भेटमा आफ्नो तर्कका आधारमा बीपीसँग भेट्न सक्ने वातावरण तयार गरेका भन्ने बीपीले लेखेको यस प्रसंगले पनि जनाउँछ ।

पाण्डेको प्रजातन्त्र प्रतिको विश्वास पनि रोचक खालको छ । एउटा प्रसंग यहाँ सान्दर्भिक छ । सुन्दरीजलको जेलमा बीपीलाई भेटेपछि राजासँग "ब्रिफिङ" गर्ने क्रममा उनी भन्छन् : "जनचाहनालाई जनताको प्रतिनिधिहरूले प्रतिनिधित्व गर्छन् तर जनताले आफ्नो प्रतिनिधि त चुनावबाटै छान्नुपर्छ । ... सरकार [महेन्द्र] र बीपीबीच सहमतिको आधार नेपालको स्वतन्त्रतालाई प्रजातन्त्रको माध्यमबाट अक्षुण्ण राख्ने मूल कुरा नै हुनुपर्छ" (पाण्डे २०७२ : ५२) ।

प्रजातन्त्रप्रति त्यत्रो चिन्ता जाहेर गरेका र आस्थावान् पाण्डे राजा महेन्द्रद्वारा लादिएको पञ्चायती व्यवस्थामै समाहित भए । निरन्तर दरबार निकट रहेर दरबारकै स्वार्थको लागि जीवनको महत्त्वपूर्ण हिस्सा खर्च गरे । राजाको निकट रहेर उनको रणनीति अनुसार विभिन्न देशसँग सम्बन्ध विकास गराउन भूमिका खेलेका पाण्डेले देश भित्रैको राजनीतिप्रति भने पुस्तकमा उल्लेख नगर्नु शंकास्पद छ । महेन्द्रलाई "जनचाहना" को ब्रिफिङ गर्न सक्ने पाण्डेले वीरेन्द्रलाई किन केही भनेनन् ? किनकि त्यसप्रति नलेख्दा नै उनको कथित "प्रजातान्त्रिक मोह" को छवि निर्माणको प्रयत्नलाई बल पुग्थ्यो । त्यति मात्रै होइन, ज्ञानेन्द्रको कार्य शैलीप्रति असन्तोष जनाएको सन्दर्भ पनि पुस्तकमा उल्लेख गरेका छन् । जस्तै, जनआन्दोलन २०६२–२०६३ भन्दा ठीक अघि भारतीय प्रधानमन्त्रीलाई भेटेर पाण्डेले दिल्लीका दुई ओटा रोडम्याप ल्याएका थिए—प्रधानमन्त्रीको नियुक्ति र प्रजातन्त्रको पुनर्स्थापना । यो विधि पाण्डेले आफूलाई पनि उत्तम लागेको बताएका छन् (पाण्डे २०७२ : ३३९) । तर, राजाले यसमा आलटाल गरेपछि उनले असन्तुष्टि जनाएको बताउँदै भन्छन् : "दरबारबाट फर्किदा मेरो दिमाग आशंका र चिन्ताले रन्थनिएको थियो । के राजालाई प्रधानमन्त्रीको नियुक्ति गर्ने चाहना छैन ?" (पाण्डे २०७२ : ६०३) । यस्ता सन्दर्भ मूलतः आफूलाई प्रजातन्त्रप्रति प्रतिबद्ध देखाउने एउटा रणनीतिक लेखाइ हो । नत्र, पञ्चायती व्यवस्था र ज्ञानेन्द्रको प्रत्यक्ष शासनलाई उनले साथ नदिनुपर्ने थियो । प्रजातन्त्रप्रति आस्था भएको जो-कोहीले पनि यस्तो व्यवस्थालाई मलजल गर्न सक्दैन । प्रजातन्त्रप्रति पाण्डेले केवल ओठेभक्ति मात्रै दर्साएका हुन् भन्ने कुरा दरबारको हितमा उनको निरन्तरताको संलग्नताले पुष्टि गर्छ ।

यस लेखमा उल्लेख गरेका आत्मकथा लेखकहरूले "उहाँले मेरो कुरा ध्यान दिएर सुन्नुभयो" भन्ने प्रकारका वाक्य बारम्बार प्रयोग गरेको पाइन्छ । पाण्डेको पुस्तकमा राजा

महेन्द्र, बीपीदेखि ज्ञानेन्द्र सम्मले पाण्डेको अभिव्यक्ति पश्चात् गम्भीर भएको, घोरिएको, मुसुक्क हाँसेको जस्ता शब्दावली प्रयोग भएका छन् । उदाहरणका लागि पाण्डेले पुस्तकको विभिन्न ठाउँमा यसरी लेखेका छन् : "राजदरबारबाट अचानक मलाई एउटा चिठी आयो" (पृ. ३५); "मेरो कुरा रुचिपूर्वक सुनेपछि राजा महेन्द्र फेरि विचारमग्न हुनुभयो" (पृ. ३६); "राजाद्वारा मेरो कुरा तत्काल स्वीकार गरियो" (पृ. ३९); "राजालाई विचारमग्न देखेपछि ..." (पृ. ३९); "मैले सम्झाएँ । उहाँ (बीपी) मुस्कुराउनुभयो, अनि बल्ल मेरो विश्लेषणमा सहमत हुनुभयो" (पृ. ४७); "मेरो कुरा सुनेर बीपी उत्तेजित हुनुभयो ..." (पृ. ४७) । राजा मात्रै होइन, पाण्डेको आत्मकथामा विदेशी कूटनीतिज्ञ सँगको भेटघाटमा पनि माथिको लेखन शैली फरक-फरक रूपमा निरन्तर दोहोरिरहन्छन् (गम्भीर भए, घोरिए, मुसुक्क हाँसे, अवाक् भए जस्ता प्रसंगका लागि हेर्नुहोस्, पाण्डे २०७२ : ३६, ४५, ४९ र १६५) ।

गम्भीर भएर सुन्ने मात्रै होइन, त्यस पछिका घटनाक्रममा पनि आफ्नो सल्लाहले मुख्य भूमिका खेलेको उनका आत्मकथामा उल्लेख हुन्छ । यस्ता लेखाइले गर्दा पञ्चायत पछिका हरेक परिवर्तनमा पाण्डेको डिजाइन/सल्लाहले काम गरेको भन्ने निष्कर्ष निस्कन्छ । पञ्चायत मात्रै नभई वि.सं. २०४६ को राजनीति परिवर्तन पछिका सरकारहरू बनाउने र गिराउने खेलमा उनको आफ्नो सक्रियता देखाएका छन् । जस्तै, गिरिजाप्रसाद कोइरालाले पाण्डेलाई भेट्छन् र भन्छन्, "लौ न देउवालाई हटाउनुपर्‍यो" (पाण्डे २०७२ : ३३९) । पछि सरकार परिवर्तन हुन्छ । त्यस्तै, फेरि अर्को कोही आउँछ, पाण्डेलाई अनुरोध गर्छ, फेरि नयाँ सेटिङ शुरू हुन्छ । फेरि, सूर्यबहादुरको सरकार ढाल्ने गोप्य रणनीति बन्छ (पाण्डे २०७२ : ३४२) । यसरी बहुदल पछिका धेरै सरकार परिवर्तनमा उनको सक्रिय भूमिका पुस्तकमा देखिन्छ । झलनाथ खनालको सरकार निर्माणबारे उनले लेखेका छन्, "एमाले नेता बामदेव गौतम, प्रचण्ड र मबीच पटक-पटक भएको कुराकानीपछि एमालेका अध्यक्ष झलनाथ खनाल प्रधानमन्त्रीमा निर्वाचित हुनुभयो" (पाण्डे २०७२ : ३८७) । राजनीतिक घटनाक्रममा आफूलाई जोडिरहनु पर्ने र हरेक परिवर्तनमा आफ्नो भूमिका देखाउने मोह पाण्डेका लेखनमा देखिन्छ । यो उनको नायक बन्ने रहरका उपज हुन् । पाण्डे मात्रै होइन कटवाल र मैनालीले पनि सानातिना घटनादेखि ठूलो घटनाको निर्माण सम्ममा आफ्नो प्रयास र प्रभाव देखाउन निकै ठूलो प्रयत्न गरेका छन् । वास्तविक कर्ता जो सुकै होस् तर आफूलाई खेलाडी साबित गर्ने प्रवृत्ति यी आत्मकथामा देखिन्छ ।

## मृतकको "दुरुपयोग"

आत्मकथामा मृत्यु भइसकेका व्यक्तिको (दुष्)प्रयोग सामान्य जस्तै भएको छ । आत्मकथा लेख्ने व्यक्ति जीवित हुँदैमा ऊसँग विगतमा जोडिएका सबै व्यक्ति जीवित नहरन सक्छन् । तर, आत्मकथा लेख्ने व्यक्तिले मृतक सँगका प्रसंगलाई जोडेर आफूलाई चाहे जस्तो

प्रभावशाली देखाउने प्रयास हुने गरेको पाइन्छ । त्यस्ता तथ्य सही नै पनि हुन सक्छन् । तर, लेखकको विगतको छवि तथा आत्मकथामा लेखिएका अन्य प्रसंगको विश्वसनीयतामा देखिने छिद्रले गर्दा मृतक सँगको प्रसंग पनि शंकाको घेराभित्र पर्छ । आम विश्वासमा कमजोर सावित हुने वा मृतकलाई जोडेर तथ्यगत रूपमै ढाँटिएका प्रसंग पनि उल्लिखित आत्मकथामा समेटिएका छन् ।

विजय कुमारले आफ्नो संस्मरणमा आफ्नो विवाहबारे उल्लेख गरेका छन् । त्यहाँ उनले विवाहमा आउने विशिष्ट व्यक्तिहरूको सूची नै प्रस्तुत गरेका छन् । गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, विनोद चौधरीदेखि मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यसम्म उक्त सूचीमा छन् । तर बडो उत्साहका साथ विजय कुमारले आफ्नो विवाहको प्रसंगमा लेखेको एउटा अंश हेरौँ, “नारान गोपाल दाइ र पेमला भाउजू छुट्ने कुरै थिएन” (विजय कुमार २०७१क : १४३) । उनैले उल्लेख गरे अनुसार उनको विवाह मंसिर १२, २०४८ मा भएको थियो । त्यसको भोलिपल्ट दुई सय जतिलाई विवाह पार्टी दिएका थिए । तर, विजय कुमार कसरी चिप्लिए भने मंसिर १९, २०४७ मा नै मृत्यु भइसकेका नारायण गोपाल उनको विवाह पार्टीमा सपत्नी उपस्थित भइदिए । पुस्तक प्रकाशित भएपछि सामाजिक सञ्जालमा यस विषयमा प्रश्न उठे । अन्य धेरै तथ्यगत कमजोरीका विषय पनि उठे । त्यसपछि विजय कुमारले एउटा लेख नै लेखेर चार ओटा तथ्यगत कमजोरी जानकारीमा आएका भन्दै त्यसो हुनाका कारण बताए । नारायण गोपालको प्रसंगमा भने उनले आत्मीयताको कारणले त्यसो हुनगएको बताएका छन् । उनी लेख्छन् :

> आफ्नो विवाह तय भइसके पछि पेमला भाउजूलाई निम्तो दिन म उहाँको महाराजगन्ज निवास पुगेको थिएँ । कार्डमा भाउजूको मात्र नाम थियो । भाउजूले एक छिन टोलाएर भन्नु भयो, उहाँ पनि हुनु भएको भए ... । भाउजूको पीडा देखेर बोल्न सकिनँ । कुन्नि किन हो, त्यस क्षणपछि मलाई हमेसा लागि रह्यो पेमला भाउजूसितै नारान दाइ पनि मेरो विवाहमा आएका थिए । (विजय कुमार २०७१ख)

पुस्तकमा विजय कुमारले नारायण गोपाल सँगको आफ्नो निकटता जसरी प्रस्तुत गर्न खोजे, लेख लेखेर दिएको स्पष्टीकरण पनि त्यसभन्दा पर छैन । तथ्यगत कमजोरीभन्दा आत्मीयताको बखान गर्नुले त्यही संकेत गर्छ ।

कटवालले गिरिजाप्रसाद कोइराला, जो तत्कालीन समयमा प्रधानमन्त्री थिए, लाई जोडेर लेखेको एउटा प्रसंग पनि उस्तै विवादित छ । उनका अनुसार, कोइरालाले “राजकाजमा सेनाको प्रवेश,” अर्थात् सैनिक “कू,” को लागि अनुरोध गरेको पुस्तकमा उल्लेख छ । एउटा प्रसंग हेरौँ :

> कार्यवाहक राष्ट्रप्रमुख कोइराला साह्रै दुखित, के गरुँ के नगरुँको अवस्थामा हुनुहुन्थ्यो । धेरैबेरको उकुसमुकुसपछि उहाँको मुखबाट वाक्य निस्कियो, "मुलुक जोगाउनुपऱ्यो । सेनालाई जे इच्छा लाग्छ गर्नुस् ।"
>
> एकछिन म बोलिनँ, उहाँ पनि मौन ।
>
> "अराजकता नियन्त्रण गर्न कस्सिनुस् । म पूरापूर सहयोग गर्छु," भावुक भएर उहाँले भन्नुभयो, "मैले छिमेकीको पनि सहयोग पाइनँ, सेनाले मात्र चौतर्फी बेथिति र अराजकता अन्त्य गर्न सक्छ ।"
>
> राजकाजमा सेनाको प्रवेशका लागि गिरिजाबाबुले आग्रह गर्नुभयो । तुरुन्त जवाफ दिइहाल्न सम्भव थिएन । (कटवाल सन् २०१४ : ३८६–३८७)

कटवालको आत्मकथा कोइरालाको मृत्युपछि मात्रै प्रकाशित भएकोले उनको दाबीको परीक्षण हुन सक्ने स्थिति रहेन । तर, प्रजातन्त्रका लागि कोइरालाको निरन्तरको संघर्षलाई पहिल्याउँदा उनले नै परिवर्तनको संघारमा उभिएको देशलाई धोका हुने गरी सेनापतिलाई त्यसरी उक्साए होलान् भन्ने कुनै भरपर्दो आधार भेटिँदैन । न त सेनाको मनोभावना बुझ्न कोइरालाले यस किसिमको जुक्ति प्रयोग गरेका हुन् भन्ने आधार छ । किनकि कटवालले प्रयोग गरेको भाषामा कोइरालाको चित्र त्यस्तो जुक्तियुक्त नभएको प्रतीत हुन्छ । बरु कटवाल निर्धक्क लेख्छन् : "गिरिजाबाबुले सोचेजस्तै अराजकता अन्त्य गर्न छोटै अवधिका लागि पनि सेनाले बागडोर लिन सक्ने परिस्थिति हाम्रोमा थिएन । गिरिजाबाबुले आवेशमा सेना तान्न खोज्दैमा कसरी सम्भव थियो र ?" (कटवाल सन् २०१४ : ३८७) । अर्थात् सैनिक शासनका लागि कोइरालाको चाहना थियो, सेना यसबारे सचेत थियो भन्ने कटवालले बताउन खोजेका छन् ।

अर्को एउटा संवादको अंश हेरौँ :

> भोलिपल्ट बालुवाटार गएँ । गिरिजाबाबु मेरो जवाफको प्रतीक्षामा हुनुहुन्थ्यो । यस्तो संवेदनशील कुरामा धेरै शब्द र वाक्यको आवश्यकता पर्दैन । हाउभाउ, कटाक्ष, वातावरणले नै "कम्युनिकेसन" गराइरहेको हुन्छ ।
>
> मैले जवाफ दिएँ, "हाम्रो सन्दर्भमा राजनीतिक दलको ब्याकिङ नभई सेनाले अगुवाइ गर्न सक्दैन ।"
>
> त्यसपछि उहाँको दिमागमा अर्को विकल्प आयो – सेनाको ब्याकिङमा स्वतन्त्र सरकार । (कटवाल सन् २०१४ : ३८८)

कोइराला मात्रै होइन, नाम नखुलाई अन्य धेरैले आफूलाई उक्साएको उनले उल्लेख गरेका छन् । लेखेका छन् :

> माओवादी ज्यादती बढ्दै गएपछि एकथरी मानिस मलाई भेट्न हप्तैपिच्छे ताँती लागेर आउँथे र भन्थे, "चिफसाप लिनुपर्‍यो, केही गर्नुपर्‍यो, अघि बढ्नुपर्‍यो ।"
>
> व्यवसायी, वकिल, पत्रकार, पेसाकर्मी मात्र हैन, नेताहरूले पनि दर्जनौँ पटक उक्साए । नेता पनि सानातिना हैनन्, कांग्रेस, एमाले र तराई पार्टीका । ती पार्टीका पनि लरतरो हैनन् । पोलिटब्युरो सदस्य र केन्द्रीय सदस्य नै मलाई कस्सिन भन्थे ।
>
> "शशिभवनको बैठक कोठामा मात्र यस्तो नभन्नुस् । राजालाई तपाईंहरू जस्तैले उक्साएर माघ १९ को कदम चाल्न लगाए । म त्यस्तो भूल गर्नेवाला छैन," मेरो उत्तर हुन्थ्यो । (कटवाल सन् २०१४ : ३८८)

मृतक कोइराला मात्रै होइन, नाम नखुलाएका जीवितहरूले पनि उनलाई उक्साएका तर आफूले नमानेको प्रसंग लेखेर उनले देशको बदलिँदो परिस्थितिमा त्यही परिवर्तनका लागि लडेका व्यक्तिभन्दा निष्ठा देखाउनु रोचक छ । तर, जसरी मृत कोइरालाको नामै तोकेर जे प्रसंग लेखे, अन्यको लेखेनन् । उस्तै प्रसंगमा कोइरालाबारे विवादित कुरा लेख्न आँट गर्ने कटवालले बाँकी एक जनाको पनि नाम नलेख्नु रहस्यको विषय छँदै छ, विश्वसनीयताको हिसाबले पनि कमजोर बनाइदिएको छ । त्यसो त, कटवाललाई दरबार निकटको आरोप लाग्ने गरेको थियो । त्यही आरोपलाई खण्डन गर्ने र प्रजातान्त्रिक मूल्य-मान्यताप्रति आफूलाई प्रतिबद्ध देखाउन मृत कोइरालालाई प्रयोग गरेका हुन् कि भन्ने आशंका पनि उत्पन्न हुन्छ ।

राजाको निरंकुश शासन विरुद्धको संघर्षका कमान्डरले सोही संघर्षको सफलताको डेढ वर्षपछि नै सेनालाई शासन सम्हाल्न उत्प्रेरित गरे भन्दा पत्याउने खास आधार पाइँदैन । तर, तत्काल जसले उनको विगतको भूमिका पनि देखेका छन्, उनीहरूले शंकाको नजरले हेरे पनि केही दशकपछि कटवालको प्रसंग नै सन्दर्भ सामग्रीको रूपमा प्रस्तुत हुनु स्वाभावकै हुन्छ । त्यति बेला एउटा विवादास्पद र विश्वसनीयताको हिसाबले पनि कमजोर प्रसंग इतिहासमा प्रमाणित तथ्यको रूपमा स्थापित हुन सक्छ ।

वर्तमान समयले भोगको, देखेको र विश्वासको परीक्षण गर्न सक्ने केही तथ्यमाथि त यसरी लेखिन्छ भने शक्तिशाली र प्रभावशाली व्यक्तिसँग हुने खोपी वार्ता, जसको कुनै स्वतन्त्र पुष्टि हुँदैन र मूल पात्रको बारेमा आम रूपमा पनि जानकारी हुँदैन, त्यस्ता पात्रलाई प्रयोग गरेर लेखिएका अन्य सन्दर्भलाई कसरी विश्वास गर्न सकिएला ? तर पुस्तकमा कसैले लेखेकै आधारमा कुनै कुरा केही समयपछि नै प्रमाणित तथ्य जस्तै बन्न सक्छन् । यस विषयमा पर्याप्त छलफल गरिएन भने भविष्यमा यस्ता अपुष्ट जानकारी नै सत्यमा रूपान्तरण हुन पुग्ने डर हुन्छ ।

## जस लिने मोह

आत्मकथामा सचेततापूर्वक आफू अनुकूलका तथ्य मात्रै लेखेर आफूलाई बदलिँदो समयमा पनि अनुकूल बनाउने प्रयत्न उनीहरूले गरेका छन् । विगतका कतिपय घटनामा पनि आफ्नो प्रमुख भूमिका देखाउने, आफ्नो सल्लाहले गर्दा राम्रो भएको वा सल्लाह नमानेका कारण खराब परिस्थिति बनेका जस्ता प्रसंग यी आत्मकथामा पाइन्छन् । आत्मकथामा आफूलाई जान्ने-बुझ्ने, घटनाको पूर्वानुमान गर्न सक्ने, अचुक सुझाव दिन सक्ने प्रभावशाली व्यक्ति भएको प्रमाणित गर्न पनि प्रयास गरिएको पाइन्छ । जस्तै, नेपाल र भारतको सम्बन्ध चिसिँदै गएपछि पाण्डेले आफ्नो सक्रियतामा राजा ज्ञानेन्द्र र भारतीय प्रधानमन्त्रीको भेट गराउँछन् । भारतीय सत्ता समीकरणलाई ख्याल राख्दै भेटघाटको विवरण सार्वजनिक नगर्न पाण्डेले राजालाई समेत सचेत गराउँछन् । तर, राजाले पाण्डेको सल्लाहलाई बेवास्ता गर्छन् र भारतीय पत्रकारमाझ सबै कुरा खोल्छन् (पाण्डे २०७२ : ५६२) । र, ज्ञानेन्द्रको यस कार्यले भारतसँग सम्बन्ध थप बिग्रन्छ । पाण्डे लेख्छन् : “भारत सँगको सम्बन्ध सुधार्ने मेरो प्रयासले बिस्तारै अनुकूल परिणाम निकाल्न थालेको थियो । तर राजाको अति उत्साहको आवेगले भारत सरकारलाई नै राजनीतिक असजिलोमा धकेल्यो” (२०७२ : ५६२) । त्यस्तै, दिल्लीबाट राजाको लागि ल्याएको रोडम्याप कार्यान्वयन नभएपछि पाण्डेले लेखेका छन्, “आफू र आन्दोलनकारीबीच सक अब्जर्भरको आवश्यकता र उपयोगिता स्वीकार गर्न राजा तयार नहुनुको सोझो अर्थ मेरो दिल्ली भ्रमणले राजाका लागि तयार पारेको सुरक्षित अवतरणको मार्गचित्र अनाथ भएको सूचना थियो” (पाण्डे २०७२ : ६०४) । पाण्डेले सन्देश दिन खोजेका छन्—उनको प्रयासको सुनुवाइ भएन, देश नयाँ बाटोमा हिँड्यो । जुन बाटो राजाको निम्ति खराब साबित भयो ।

पाण्डे जस्तै कटवाल पनि महत्त्वपूर्ण घटनाक्रममा आफूलाई “गेम चेन्जर” कै रूपमा प्रस्तुत गर्ने पात्र हुन् । पहिलो पटक राष्ट्रपतिका लागि निर्वाचन हुँदै गर्दा उनले पदीय जिम्मेवारीभन्दा माथि उठेर रामवरण यादवका लागि सहयोग गरेको विवादास्पद सन्दर्भ पुस्तकमा उल्लेख गरेका छन् । उनले आफ्नो पदीय शक्तिको दुरुपयोग गरेर भए पनि यादवका पक्षमा लागिपरेका थिए भन्ने उनले लेखेका छन् । उनले सेनाको अफिसबाट राष्ट्रपतिको एउटा उम्मेदवारलाई भोट मागेका छन् । उनले आफूमात्रै होइन, “मेरा स्टाफले फोन घुमाउन थाले” भनेर आफू मातहतका कर्मचारीलाई समेत भोट माग्ने काममा दुरुपयोग गरेका कुरा पुस्तकमा उल्लेख गरेका छन् । “उहाँ प्रजातान्त्रिक पनि हुनुहुन्छ, तराईको पनि हो, सहयोग गर्नु पर्‍यो” भनी उनले पुस्तकमा लेखेका छन् (कटवाल सन् २०१४ : ४१०) । सेनापतिको कुर्सीमा बसेर उनले विशेष राजनीतिक अभियान चलाएको यो घटनाले सेनाको छविमा समेत प्रश्न उठाएको छ । अझ रोचक त के छ भने, तिनै कटवालले शिवराम प्रधान नामका एक पृतनापतिलाई माओवादी नेता वर्षमान पुनसँग हिमचिम गरेको भन्ने गाइँगुइँ र

कोइरालाको सूचनाको आधारमा सरुवा गराएका थिए । निर्वाचित प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड," माओवादी नेताहरू र कुलबहादुर खड्का सम्मलाई निगरानीमा राख्न सम्बन्धित सैनिक निकायलाई अह्राएका भनी लेखेका छन् (कटवाल सन् २०१४ : ४१) । उनी फेरि लेख्छन्, "मैले प्रधानसेनापतिको मर्यादा बिर्सन नहुनेमा सचेत थिएँ" (कटवाल सन् २०१४ : १९) । तर, विडम्बना, उनले सरकारलाई दिएको स्पष्टीकरण पत्र हतार हतार आफै नेपालस्थित विदेशी दूतावासहरूमा पनि पठाउँछन्, विशेष रणनीतिका साथ ।

सरकार मातहतमा रहेको एउटा सेना प्रमुखले विशिष्ट राजनीतिक परिस्थितिमा आफूले गरेका गतिविधि/प्रयत्नलाई पुस्तक मार्फत बाहिर ल्याउनुका अनेक कारण होलान् । तर उनले सेनाको पेसागत मर्यादा वा पेसाबाट बाहिरिएपछि पनि राख्नुपर्ने कतिपय गोपनीयतालाई समेत बेवास्ता गरेका छन् । यसले पनि आफ्नो प्रभाव थियो भनी देखाउन पुस्तक प्रकाशन गरेको आभास हुन्छ । म त्यस्तो व्यक्ति हुँ जसले देशको सर्वोच्च पदको निर्वाचनमा समेत प्रभाव पार्न सक्थेँ भन्ने दम्भ पुस्तकमा देखिन्छ । कटवालले निर्वाचनमा मात्रै होइन, नवनिर्वाचित राष्ट्रपति रामवरण यादवको पोसाक, लवाइ खवाइ, बोली-व्यवहार र सपथको भाषामा समेत रुचि देखाएका छन् । र, आफ्नो रुचि अनुसार राष्ट्रपतिको संस्थालाई ढाल्न प्रयत्न गरेको समेत उल्लेख गरेका छन् (कटवाल सन् २०१४ : ४११–४१२) । त्यति मात्रै होइन, प्रथम गणतान्त्रिक प्रधानमन्त्री प्रचण्डलाई समेत ब्यालेटबाटै मुलुकको चक्रवर्ती बन्न सक्ने भन्दै नवनिर्वाचित प्रधानमन्त्रीलाई उनले तीन ओटा सुझाव दिएको उल्लेख छ ।

त्यस्तै, कटवालले ज्ञानेन्द्रको माघ १९ को कदमपछि फरक-फरक तरिकाले दलहरूलाई सत्ता सुम्पनुपर्ने उल्लेख गरेका छन् । सबै ठाउँमा उनको एउटा शब्द दोहोरिरहन्छ : "राजतन्त्र/राजसंस्थालाई अप्ठेरो पर्छ ।" मुलुकमा गणतन्त्र समेत आइसकेको अवस्थामा कटवालको पुस्तक आएकाले र उनको विगतलाई समेत मूल्यांकन गर्दा भन्न सकिन्छ कि कटवालको भविष्यवाणी मोहले उनी आफ्नो राजनीतिक परिस्थितिको सही अनुमान लगाउन सक्ने, त्यसको गति पहिल्याउन सक्ने व्यक्तिको रूपमा आफूलाई चिनाउन चाहन्छन् । खासमै उनको क्षमता त्यस्तै भएको भए छद्म नाममा अंग्रेजी दैनिकमा राजाको प्रत्यक्ष शासनको पक्षमा लेख लेख्ने थिएनन् ।

## तथ्यविहीन तर्क

आत्मकथामा देखिएको अर्को प्रवृत्ति भनेको बिना तथ्य/प्रमाण आफूलाई लागेको कुरा सत्य वा त्यही नै हुनुपर्छ भन्ने आग्रह हो । व्यक्तिगत स्मृतिको क्षमता वा सम्पर्कको व्यापकता र विश्वसनीयता अनुसार कतिपय घटनाको पूर्वानुमान वा विगतको विश्लेषणमा फरकपन आउनु अस्वाभाविक होइन, तर आफ्नो आग्रहलाई तथ्य नै जसरी प्रयोग गर्दा भने त्यसले लेखकको नियतमा प्रश्न उठाउँछ ।

राधाकृष्ण मैनालीले आफ्नो आत्मकथा *नलेखिएको इतिहास*मा लेखेका छन्, "भारत नेपालबाट राजतन्त्र उन्मूलन गर्न २००८ सालदेखि नै लागिपरेको कुरा छर्लंग छ" (२०७३ : २२२) । मैनालीले छर्लंग देखेको यो रणनीति भने नेपाली राजनीतिमा खासै चर्चामा छैन । त्यस्तो छर्लंगै भएको तथ्य हुन्थ्यो भने राजदरबारले आफ्नो रणनीति बनाउँथ्यो होला । छर्लंग त परको कुरा, लोकतान्त्रिक गणतन्त्रका निम्ति आधार तयार गरेको चर्चित १२ बुँदे सहमतिमा हस्ताक्षर गर्ने कतिपय दल र तिनका प्रभावशाली नेतालाई समेत पछिसम्मै गणतन्त्रको मुद्दाबारे विश्वास थिएन । उदाहरणको लागि, "एमाले नेताका हैसियतमा [केपी] ओलीले पुतलीसडक तिरको एउटा चल्तीको चौतारीमा उभिएर जनआन्दोलनप्रति व्यंग्य कस्दै यसो भन्नुभएको थियो 'यो आन्दोलनले नेपालमा गणतन्त्र आउँछ भन्नु र बयलगाडा चढेर अमेरिका पुगिन्छ भन्नु उस्तै हो'" (निष्ठुरी २०७२) । त्यस्तै, उज्यालो ९० नेटवर्कलाई दिएको एउटा अन्तर्वार्तामा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले भनेका छन्, "०६२–०६३ को आन्दोलनको एजेण्डा गणतन्त्र थिएन । त्यो त पछि थाहा पाइयो" (बिजुक्छे सन् २०१३) । दुई प्रभावशाली राजनीतिज्ञ संघारमै आइसकेको गणतन्त्र र त्यसको आधार तयार पार्न भइरहेको घटनाक्रमबारे नै अनभिज्ञ थिए भने बिना प्रमाण २००८ साल देखिको प्रयास भनेर लेख्नु अपरिपक्व कुरा हो । आफूलाई यसरी ज्ञाता वा बढी जान्ने-सुन्ने भएको देखाएर उनले गलत तथ्यको स्थापना गर्न "सघाउ" पुऱ्याउन र कतिपयलाई उत्तेजित पार्न मद्दत पुऱ्याएका छन् ।

यति मात्रै होइन, एउटै घटनालाई पनि दुई पात्रले विरोधाभासपूर्ण तरिकाले उल्लेख गरेका छन् । माघ १९, २०६१ मा राजा ज्ञानेन्द्रले सत्ता हातमा लिएपछि मन्त्री बन्नको लागि दरबार पुग्नेमा दुई प्रमुख पात्र थिए, पाण्डे र मैनाली । संयोग के छ भने दुवैले आत्मकथा लेखेका छन् । र, दुवैले एकअर्काको प्रसंग पनि उल्लेख गरेका छन् आफ्ना पुस्तकमा । पाण्डेले लेखेका छन् : "२०६१ माघ १९ गते दिउँसो ४:३० बजे मलाई राजासँग भेट्न बोलाइयो । दरबार पुग्दा राजाको कार्यालय बाहिर अन्य आठ जना बसिरहेका थिए । करिब पाँच मिनेटको प्रतीक्षापछि राजासँग करिब एक मिनेट भएको त्यो भेटमा मलाई परराष्ट्र मन्त्री बनाउन लागेको जानकारी दिइयो । म बाहिर आएँ, राधाकृष्ण मैनाली भित्र पस्नुभयो" (पाण्डे २०७२ : ५३३) । त्यस्तै, मैनाली लेख्छन् : "अन्योलकै बीच माघ १९ गते साँझ ६ बजे नै नारायणहिटी राजदरबार पुगेँ । ... म दरबार पुग्दा राजनीतिक रूपमा साना भूमिकाका पूर्वपञ्चहरू टंक ढकाल, दानबहादुर शाही, दुर्गा श्रेष्ठ, रमेशनाथ पाण्डे लहरै बसिरहेका थिए" (मैनाली २०७३ : २०२–२०३) । यहाँनेर दुवैले उल्लेख गरेको समयमा तालमेल छैन । रमेशनाथ पाण्डे ४:३० मा दरबार पुगेर पाँच मिनेट पर्खेपछि राजालाई करिब एक मिनेट भेटेर घर फर्किएका छन् । तर, मैनाली साँझ ६ बजे पुग्दा पाण्डे दरबारमा राजाको भेटका लागि कुरिरहेको उल्लेख छ । यो एउटा उदाहरणले पनि आत्मकथामा उनीहरूको

समयको राजनीतिक, सामाजिक, आर्थिक अवस्थाको बारेमा थाहा पाउन काम लाग्ने सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्न सकिने भन्दा पनि निश्चित व्यक्तिको "नायकत्व" जान्न उत्सुक हुनेका लागि मात्र उपयोगी हुने देखिन्छ ।

पाण्डेको पुस्तकमा २०४१ सालको एउटा सन्दर्भ छ । तत्कालीन राजा वीरेन्द्रको संयुक्त राज्य अमेरिकाको भ्रमणको विषयलाई उनले त्यहाँ उल्लेख गरेका छन् । उक्त भ्रमणमा राजालाई तत्कालीन अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनले स्वागत गरेको जानकारी पुस्तकमा छ (पाण्डे २०७२ : १८०–१८१) । तर, उनले स्रोतको रूपमा प्रयोग गरेको *नयाँ सन्देश* साप्ताहिकको प्रकाशन मिति भने राजाको भ्रमणभन्दा एक वर्षअघि अर्थात् पुस १, २०४० को छ । त्यसै गरी पाण्डेले *घटना र विचार* साप्ताहिककी सम्पादक बबिता बस्नेत (२०६८) को एक लेखलाई स्रोतका रूपमा प्रयोग गर्दै राजाका तत्कालीन प्रमुख सैनिक सचिव विवेक शाहलाई दरबारले सेवाबाट बर्खास्त गरेको एक प्रसंग उल्लेख गरेका छन् (पाण्डे २०७२ : ४६६) । तर यथार्थमा उनले स्रोतका रूपमा उल्लेख गरेको बस्नेतको सो लेखमा कहीँ पनि शाहसँग सम्बन्धित कुनै चर्चा छैन । यी दुई यस्ता उदाहरण हुन् जसले आत्मकथाका लेखकको स्मृतिजन्य एवं तथ्यगत त्रुटिलाई उजागर गर्छन् । प्राविधिक हिसाबले हेर्दा यो तिथिमिति वा सन्दर्भ सामग्रीमा भएको सामान्य कमजोरी जस्तो लाग्न सक्छ, तर यो एउटा छिद्र हो जसले अरू धेरै कमजोरीहरूको आशंका बढाउँछ, आत्मकथामा अभिव्यक्त भएका अन्य संवाद, निर्णय, तथ्यांक लगायतमा प्रश्न उठाउँछ ।

अर्को प्रसंग पनि यहाँ सान्दर्भिक हुन सक्छ । तत्कालीन राजा ज्ञानेन्द्रको देश दौडाहको बारे मैनालीले लेखेका छन् : "भारतले नै माओवादीलाई राजाको भ्रमणमा अवरोध नगर्न सुझाएको थियो । जिल्ला सदरमुकाम, सेनाका ब्यारेक र सामान्य चौकीमा आक्रमण गर्न पछि नपर्ने माओवादीले देशका विभिन्न स्थानमा भएको राजाको भ्रमणमा सामान्य अवरोध पनि नगर्नु आश्चर्यजनक लाग्छ" (मैनाली २०७३ : २२१) । यसै सन्दर्भमा कटवालले भने अलि फरक तथ्य लेखेका छन् । उनले पुस्तकमा आफूले पाएको सूचना यसरी उल्लेख गरेका छन्, "माओवादीले सके राजालाई नै आक्रमण गर्ने, नसके भ्रमण बिथोल्ने योजना बनाएका छन्, मैले खबर पाएँ" (कटवाल सन् २०१४ : २९१) ।

यस्ता खाले कमजोरीमा विजय कुमार पनि पर छैनन् । शेखर पराजुलीले सो पुस्तकको समीक्षा गर्ने क्रममा लेखेका छन् :

> ज्ञानेन्द्र राजा भएको तीन चार सातामै अर्थात् २०५८ असार तिर विजय कुमारले उनलाई भेटेका थिए र कुराकानीका क्रममा राजासित पारस शाहको अनियन्त्रित मापसे बानी, अल्कोहलिज्म र त्यसको उपचार गर्न सकिने जानकारी गराएको भनी लेखेका छन् । तर उनी आफै त्यस बेलासम्म अनियन्त्रित मदिरापानमा थिए । पुस्तकमा उल्लेख भएको तथ्यअनुसार उनले आफू अल्कोहलिक भनी स्वीकारेको, उपचारबारे जानकारी पाएको

र थालेको २०५९ सालका हो (पृ. १२०) साथै, २०६१ जेठ २६ देखि आफूले मदिरा छोडेको बताएका छन् (पृ. १२२) । त्यसैले यो तथ्य पनि संगतिपूर्ण लाग्दैन । (पराजुली २०७२ : १८९)

बिनाआधार दाबीका साथ लेख्ने चलन आत्मकथामा प्रशस्तै देखिन्छ । विजय कुमारको पुस्तकमा उल्लिखित यी तीन वाक्य हेरौँ :

मैले जीवनमा भेटेका अधिकांश फ्रस्टेट मानिसमध्ये ९० प्रतिशत यस्ता थिए जोसँग महत्त्वाकांक्षाको सगरमाथा त थियो तर मेहनत, निष्ठा र निरन्तरताको ढिस्को पनि थिएन (पृ. १३४) ।

कुनै पनि मानिसलाई उसको हाकिम "जान्दैन वा खराब छ" भनेर आलोचना गर्नुस्, ९५ प्रतिशतको मुहार उज्यालिन्छ (पृ. १७१) ।

कसैले मलाई घमण्डी र कसैले मिलनसार दयालु ठान्थे । ९९ प्रतिशतले मलाई टेलिभिजनमा देखेर आफ्नो धारणा बनाएका थिए (पृ. २८१) ।

यहाँ प्रयोग भएको ९०, ९५ र ९९ प्रतिशतलाई जसरी दाबीका साथ प्रस्तुत गरिएको छ, त्यसको कुनै आधार छैन । कुनै अध्ययन-अनुसन्धानबाट सो तथ्यांक प्राप्त गरेका हुन् भन्न सकिन्न । किनकि त्यसको प्रक्रिया, स्रोत र मिति केही पनि खुलाइएको छैन । कति प्रतिशतले विजय कुमारको टेलिभिजन कार्यक्रम हेरे भनेर पत्ता लगाउन त्यति सजिलो छैन । उनीहरूमध्ये पनि ९९ प्रतिशतले यस्तो धारणा बनाए भन्नु हास्यास्पद तर्क सिवाय केही होइन ।

## अरूको कमजोरी खोतल्ने प्रयत्न

आत्मकथा लेख्नाको मूल तात्पर्य आफ्ना कमजोरी स्वीकार गर्ने, आफ्नो मूल्यांकन गर्ने र आफ्ना जीवनका लज्जास्पद कुरा पनि लेख्ने आँट गर्नु हो । यस विषयमा जर्ज अर्वेलले भनेका छन्—जीवनका एकदम लज्जास्पद कुराहरू पनि समेटिएका छन् भने त्यो आत्मकथा विश्वसनीय हुन्छ (अर्वेल सन् १९४४) । तर नेपाली आत्मकथामा अरूलाई खराब र आफूलाई सकेसम्म राम्रो देखाउन खोज्ने प्रयास गरिएका प्रशस्त उदाहरण पाइन्छन् । उदाहरणका लागि, मैनालीले आफ्नो आत्मकथामा माधव नेपाललाई महत्त्वाकांक्षी, संकीर्ण, हठी, स्वार्थी, अल्पद्रष्टा र राष्ट्रिय चिन्तन गर्नै नसक्ने व्यक्तिका रूपमा चित्रण गरेका छन् । त्यति मात्रै होइन, मैनालीले नेपाललाई "लोडसेडिङ" का एक प्रमुख पात्र पनि भनेका छन् (मैनाली २०७३) । नेता नेपाल मात्रै होइन, अन्य नेताहरू केपी ओली, सिपी मैनाली लगायतको पनि व्यक्तिगत कुण्ठा प्रतीत हुने किसिमले आलोचना गरेका छन् ।

पाण्डेको आत्मकथा पढ्दा उनले दरबारको निरन्तर निकटमा रहेर काम गरेका व्यक्ति र विश्वास पात्र पनि आफैलाई ठहराएका छन् । परराष्ट्रको मामिलामा उनी सधैँ दरबारको सहयोगी भएको जिकिर गर्छन् । पाण्डेको पुस्तक पढ्दा राजा र उनीबीच असमझदारी/अविश्वास देखिँदैन । तर राजा ज्ञानेन्द्रले भनेका एउटा सन्दर्भ उल्लेख गर्दै पाण्डेबारे मैनालीले लेखेका छन् : "रमेशनाथ पाण्डे चलाख बाहुन हुन् । यसलाई धेरै टाढा राख्न पनि हुँदैन, धेरै नजिक ल्याउन पनि हुँदैन" (मैनाली २०७३ : २१४) । पाण्डेलाई चाकरीबाजको आरोप लगाँउदै मैनाली थप लेख्छन्, "धूर्त स्वभावका रमेशनाथ पाण्डे नयाँ सुझाब दिनेभन्दा चाटुकारी कुरा बढी गर्थे । राजाले जता हेऱ्यो त्यतै हेर्दै दुई हात जोडेर टाउको हल्लाउँथे । ... रमेशनाथ राजाको चाकरी निकै तल्लो तहमा झरेर गर्थे" (मैनाली २०७३ : २०८–२०९) । मैनाली स्वयंको बारेमा चाहिँ कटवालले आफ्नो आत्मकथामा उल्लेख गरेका छन् । माघ १९ को केही समयपछि नै उपाध्यक्षद्वय र मन्त्रीहरूमा उकुसमुकुस बढेको र आफ्नो कुरा राख्न नपाएको सन्दर्भ उल्लेख गर्दै कटवालले लेखेका छन् : "सुरक्षा प्रमुखहरूको मात्रै कुरा सुनिन्छ, अझ त्यसमाथि सेनापतिको कुरा बढ्तै सुनिन्छ भन्ने शंका मन्त्रीहरूलाई थियो । ... उनीहरू एउटै गुनासो गर्थे, 'राजालाई भेट्नै पाइएन, आफ्नो कुरा राख्नै पाइएन ।' मसँग यस्तो गुनासो बढी गर्नेमा राधाकृष्ण मैनाली हुनुहुन्थ्यो" (कटवाल सन् २०१४ : ३२४–३२५) ।

पाण्डेमा पनि यो प्रवृत्ति देखिन्छ । उनले सुशील कोइरालालाई असक्षम देखाउने रणनीतिका साथ एउटा प्रसंग पुस्तकमा उल्लेख गरेका छन् । उनले कोइरालालाई जागिर खोज्दाको प्रसंगमा लेखेका छन् : "२०२० असोजमा अमेरिकी सहयोग नियोग काठमाडौँमा सिफारिस गरेको कुरा बीपीले आशापूर्ण ढंगमा लिनुभएको धेरै पछि थाहा पाएँ । सुशीलले अन्तर्वार्ता त दिनुभयो तर जागिर भएन । मैले गुनासो गर्दा अमेरिकी राजदूतले भने, 'तपाईंले सिफारिस गरेको व्यक्तिमा गम्भीरता छैन, सामान्य दायित्व समाल्ने ल्याकत पनि छैन'" (पाण्डे २०७२ : ७०) । पाण्डेले आफूले मात्रै नभई भारतीय नेता जयप्रकाश नारायणले पनि कोइरालालाई जागिर लगाइदिन प्रयास गरेको तर असफल भएको उल्लेख गरेका छन्, "उहाँ [नारायण] को आग्रहअनुसार सुशीललाई भोलिपल्ट बोलाइयो तर औपचारिकता निर्वाहका लागि लिइएको अन्तर्वार्तामा पनि उहाँ सफल हुनुभएन" (पाण्डे २०७२ : ७०) । पाण्डेका पुस्तक सार्वजनिक हुँदा (असोज ८, २०७२) उनै कोइराला प्रधानमन्त्री थिए । कतै उनमा कोइराला प्रतिको ईखले पो यस्तो विगत सम्झिन र आफू बढी योग्य थिएँ भन्ने आत्मबोधले यस्ता प्रसंग खोज्न उत्प्रेरित गऱ्यो कि भन्ने लाग्छ ।

त्यस्तै, पाण्डेले बिपीबारे मन परेका किताबहरू सकेसम्म फर्काउनुहुन्नथ्यो भन्नेदेखि भेट्दा राजाहरू चुरोट तानिरहेका थिए भन्ने सम्मका बानीहरू उल्लेख गरेका छन् । अर्को एउटा प्रसंग यहाँ उल्लेखनीय हुन सक्छ । प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको सन्दर्भमा

पाण्डेले लेखेका छन्, "सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयको भित्री सानो कोठामा बिछ्यौनामा सिरक ओडेर सुत्ने उहाँको जस्तो बानी मैले साथमा काम गरेका तीन ओटै प्रधानमन्त्रीहरूमा थिएन" (पाण्डे २०७२ : ३७६) । यस्ता सन्दर्भ आत्मकथा लेखनमा बाक्लै प्रयोग हुन्छन्, जसले अन्य व्यक्ति प्रतिको एक-दुई प्रसंगलाई पनि बानी नै भएको जसरी आम मानिसमा सूचना प्रवाह गरिदिन्छ । जबकि यस्ता प्रसंग कतिपय व्यक्तिको बानीभन्दा पनि वरिपरिको वातावरण वा संगतमा रहेका व्यक्तिहरूमा पनि निर्भर रहन्छ ।

यस्ता प्रसंगको उल्लेख प्रभावशाली व्यक्ति सम्मको आफ्नो पहुँच पुष्टि गर्नका लागि भएको देखिन्छ । पाण्डेले बाबुराम भट्टराईलाई भारतपरस्त साबित गर्न निकै भूमिका बाँधेका छन् । उनले चन्द सरकार र माओवादीबीच चलिरहेको वार्ताको क्रममा माओवादीका वार्ता टोलीका संयोजक भट्टराईले भारतीय गुप्तचर संस्था "र" का प्रतिनिधि र भारतीय राजदूत श्यामशरणलाई एक्लै भेटेको सूचनालाई जोड्दै त्यसैको प्रभाव स्वरूप वार्तामा भट्टराईले निहुँ खोज्ने कुरा गरेको लेखेका छन् (पाण्डे २०७२ : ४८३) । पुस्तकमा भट्टराईलाई भारतपरस्त देखाएका छन् । आत्मकथामा लेखक आफ्ना कुराहरू लेख्नुभन्दा पनि एक-अर्काका "कमजोरी" उछाल्न र सकेसम्म आफूलाई राम्रो र अरूलाई खराब देखाउन प्रयत्नशील छन् भन्ने कुरा माथिका प्रसंगले संकेत गर्छन् । यस्तो प्रवृत्तिले अन्य व्यक्तिप्रति खराब रेकर्ड कायम राख्न सघाउ पुऱ्याउँछ ।

## निष्कर्ष

हामीले भोगिरहेको पछिल्लो राजनीतिक परिवर्तनको जग २०५२ सालमा माओवादीले शुरू गरेको जनयुद्ध हो । अहिलेका धेरै राजनीतिक उपलब्धिमा जनयुद्ध, जनआन्दोलन लगायतले दबाबको रूपमा काम गरेका थिए । परिवर्तनका लागि अवरोध गर्न खटिएका मध्ये केहीले आत्मकथा लेखेका छन् । तर, उनीहरूले यसरी लेखिदिएका छन् कि पढ्दै जाँदा उनीहरू नै परिवर्तनका नायक भएको भान हुन्छ । बदलिँदो राजनीतिप्रति आफ्नो कृत्रिम अपनत्व स्थापित गर्ने लोभले तिनीहरूले शंकास्पद कुराहरू लेखिरहेका छन् । पुरानो राजनीतिक व्यवस्थामा तिनीहरूका व्यवहार, अभिव्यक्ति र परिवर्तित व्यवस्थामा तिनीहरूले लेखेका आत्मकथामा अभिव्यक्त विचारहरू मेल खाँदैनन् । कैयौँ घटना सन्दर्भ उल्लेख नै गरेका छैनन् । उनीहरूले आफ्नो बारेमा जस्तो धारणा बनोस् भनेर आत्मकथा लेखिरहेका छन्, त्यसैलाई बल पुग्ने रणनीति आत्मकथा लेखनमा प्रयोग गरेको अनुमान गर्न सकिन्छ ।

तर, अनौठो के छ भने राजनीतिप्रति सामान्य चासो राख्नेहरूले समेत सहजै आशंका गर्ने तथ्य सामेल गरिएका पुस्तकहरू फटाफट प्रकाशित भइरहेका छन् । यसले इतिहासको गलत अभिलेखमा सघाउ पुऱ्याउन सक्ने सम्भावनालाई कसैले वास्ता गरिरहेको छैन । व्यापारको लागि प्रकाशकहरूले सामान्य इमानदारिता पनि नअपनाई यस्ता पुस्तकहरू

प्रकाशित गरिरहेका छन् । विवादित भए बढी बिक्छ भन्ने नाफामुखी मानसिकता देखाइरहेका छन् । अर्कोतर्फ, सचेत पाठक वा परिवर्तनका संवाहकहरूले समेत आफैप्रति र आफ्नो संघर्ष र उपलब्धिप्रति गलत छवि निर्माणमा सघाउ पुऱ्याउने यस्ता प्रवृत्तिप्रति खासै प्रतिक्रिया जनाएका छैनन् । उनीहरूको मौनताले त्यस्ता तथ्यप्रति समर्थन जनाइरहेको भान हुन्छ, र लेखकहरूलाई झन् बढी हौस्याइरहेको छ ।

## धन्यवाद

यो लेखको अवधारणा प्रस्ताव गरेर लेखनका क्रममा निरन्तर पृष्ठपोषण दिनुहुने आन्विका गिरीप्रति विशेष आभार । लेखको प्रारम्भिक खाका पढेर सुझाब दिनुहुने चूडामणि बस्नेत, सन्दर्भ सामग्री जुटाउन सहयोग गर्नुहुने उज्ज्वल प्रसाईं तथा निरन्तर सहयोग र प्रतिक्रियाका निम्ति देवराज हुमागाईंलाई धन्यवाद ।

## सन्दर्भ सामग्री

कटवाल, रुकमाङ्गद । सन् २०१४ । *आत्मकथा* । काठमाडौँ : पब्लिकेसन नेपालय ।

कोइराला, विश्वेश्वरप्रसाद । २०६३[२०५४] । *जेल जर्नल* । तेस्रो संस्करण । ललितपुर : जगदम्बा प्रकाशन ।

गुरुङ, छत्र मान सिंह । २०७२ । *जनताको छोरो* । काठमाडौँ : श्रीमती कमला गुरुङ ।

दीक्षित, कनकमणि । २०६३ । अजय पी. नाथ र सेनाको भविष्य । *हिमाल खबरपत्रिका* १६(९) : २५ ।

निष्ठुरी, विष्णु । २०७२ । ओली ज्यू, पुग्यो त बयलगाडा अमेरिका ! *पहिलोपोस्ट अनलाइन*, असोज २६ । http://www.pahilopost.com/content/-8947.html मा उपलब्ध; साउन १४, २०७५ मा हेरिएको ।

पराजुली, शेखर । २०७२ । पुस्तक समीक्षा (विजय कुमारद्वारा लिखित *खुसी*) । *मिडिया अध्ययन* १० : १८१–१९२ ।

पाण्डे, रमेशनाथ । २०७२ । *कूटनीति र राजनीति* । तेस्रो संस्करण । काठमाडौँ : सांग्रिला बुक्स ।

बस्नेत, बबिता । २०६८ । साप्ताहिक पत्रिकाको राजनीतिक, आर्थिक र व्यावसायिक पक्ष । *मिडिया अध्ययन* ६ : २५१–२७४ ।

बिजुक्छे, नारायणमान । सन् २०१३ । दोस्रो जनआन्दोलनको एजेन्डा गणतन्त्र थिएन । अगस्त १२ । http://archive.ujyaaloonline.com/news/23938/Interview-with-Narayan-man-Bijukchhen/ मा उपलब्ध; साउन १४, २०७५ मा हेरिएको ।

मैनाली, राधाकृष्ण । २०७३ । *नलेखिएको इतिहास* । काठमाडौँ : अल्केमी पब्लिकेसन ।

विजय कुमार । २०७१क । *खुसी* । काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

विजय कुमार । २०७१ख । लेखक, पाठक र समीक्षक । *सेतोपाटी अनलाइन*, पुस २९ । https://archive.setopati.com/opinion/22748 मा उपलब्ध; साउन १४, २०७५ मा हेरिएको ।

Orwell, George. 1944. Benefit of Clergy: Some Notes on Salvador Dali. Available at www.orwell.ru/library/reviews/dali/english/e_dali; accessed August 20, 2018.

## लेखक परिचय

**किशोर दहाल** पत्रकार हुन् । उनी अनलाइन पत्रिका *नेपाललाइभ डट कम*मा राजनीतिक विषयमा रिपोर्टिङ गर्छन् । विभिन्न पत्रपत्रिका तथा अनलाइनमा समसामयिक विषयमा उनका लेखहरू प्रकाशित छन् । ईमेल : kishu.gb123@gmail.com